नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

भाद्र/आश्विन २०६७ (September 2010) वर्ष १४/अंक १६२

## हाम्रो सुसमाचारका जुत्ता फाट्नुपर्छ ।

**श्रावण ८ गते/जुलाई २४ तारिख शनिबारको आराधना सेवामा आदरणीय पाष्टर रोबर्ट कार्थक गुरुबाले नेइम ललितपुरमा बोल्नुभएको वचनको सार संक्षेप:**

बप्तिस्मा दुई किसिमका छन्: पानीको बप्तिसमा र पवित्र आत्माको बप्तिस्मा । बप्तिस्मा जबरजस्ती दिईदैन । यो मागेर मात्र पाइन्छ । पानीको बप्तिस्मा मुक्तिको लागि हो भने पवित्र आत्माको बप्तिस्मा शक्तिको लागि । पुरानो करारमा यी बप्तिस्माहरूको स्पष्ट रुपमा चित्रण गरिएको छ । परमेश्वरको आज्ञाअनुसार मोशाले इस्राएलीहरूलाई मिश्र देशको दासत्वबाट निकालेर ल्याए । गन्तव्य स्थान प्रतिज्ञाको देश थियो । मोशाले सारा इस्राएलीहरूलाई परमेश्वरको निर्देशनअनुसार लाल समुद्र बाटो भएर ल्याए । यो पानीको बप्तिस्माको चित्र थियो । यो बप्तिस्माले इस्राएलीहरूलाई पापको राज्यबाट निकास प्रदान गऱ्यो । अब उनीहरू प्रतिज्ञाको देशमा जान सक्ने भए । तर प्रतिज्ञाको देशमा पुग्नभन्दा पहिला उनीहरूले यर्दन नदी पार गर्नु पर्थ्यो । यर्दन नदी पवित्र आत्माको बप्तिस्माको चित्र हो । प्रतिज्ञाको देश ओगट्न यर्दन नदी पार गरेर जानु पर्थ्यो । यर्दन नदी पार गरिसकेपछि आफूले टेकेको भूमिको अधिकारको निम्ति लडाईं गर्नु पर्थ्यो । प्रतिज्ञाको देश अधिकार गर्न लडाईं गर्नुपर्ने अनिवार्यता थियो र यसको निमित्त पवित्र आत्माको शक्ति आवश्यक थियो ।

लाल समुन्द्र पार गरिसकेपछि इस्राएलीहरू उजाड-स्थानतिरै अल्मलिए । उजाड-स्थानमै नाश भए । रूबेन र गादका कुल तथा मनश्शेका आधा कुल यर्दन नदीको वारिपट्टिनै बसेका कारण यर्दन पारि रहेको प्रतिज्ञाको देश जान पाएनन् । उनीहरूले आशिष मात्र पाए तर प्रतिज्ञाको देश पाएनन् ।

पवित्र आत्माद्वारा बप्तिस्मा पाएकाहरू प्रतिज्ञाको देशमा छन् । पाष्टर गुरुबाको आफ्नो शब्दमा "मैले पवित्र आत्माको बप्तिस्माको अनुभव गरेको ४३ वर्ष भयो । मलाई प्रभुले त्यसबेला यहोशूलाई दिनुभएको वचन दिनुभयो, ***"बलियो र खूब साहसी बन्, किनकि तिनीहरूका पितापुर्खाहरूलाई दिन्छु भनी प्रतिज्ञा गरेको देश तिनीहरूको अधिकारमा गराउन तैंले तिनीहरूलाई अगुवाई गर्नेछस् ।'"*** (यहोशू १:६) । परमप्रभु परमेश्वरले उहाँको जीवनमा यो काम गर्नुभएको छ । यर्दन पार गरिसकेका मध्ये पनि प्रतिज्ञाको देशमा अधिकार जमाउनुपर्नेमा सुकुमबासी भएर बसेका छन् । उनीहरूसित शक्ति छैन ।

***परमेश्वरले यहोशूलाई भन्नुभयो, "मेरो दास मोशा मऱ्यो । यसकारण उठ, तँ यी सबै मानिसहरूलाई लिएर यर्दन पारि मैले इस्राएलीहरूलाई दिन आँटेको देशमा जा"*** (यहोशू १:२) ।

व्यवस्थाले मानिसहरूलाई प्रतिज्ञाको देशमा लैजान सक्तैन । मोशा जान सकेनन् । किनकि उनले यर्दन पारि प्रवेश गरेका थिएनन् । यहोशूले प्रवेश गरे र मानिसहरूलाई प्रतिज्ञाको देशमा लगे । देश अधिकारको निमित्त परमेश्वरको वचन यस प्रकार छ:

- "तिमीहरूका पाइलाले टेकेको हरेक ठाउँ तिमीहरूको हुनेछ ... ।" (व्यवस्था ११:२४) ।
- "मैले मोशालाई प्रतिज्ञा गरेझैं तेरा पैतालाले कुल्चिने सबै जग्गा म तँलाई दिनेछु" (यहोशू १:३) । यो तथ्यको अभिव्यक्ति हो ।

परमेश्वर आफूले भन्नुभएको कुरा पूरा गर्नुहुन्छ, "परमेश्वर ढाँट्नुहुन्न, कारण उहाँ मानिस हुनुहुन्न, उहाँले मन बद्लनुहुन्न, कारण उहाँ मान्छेको सन्तान हुनुहुन्न ...।" (गन्ती २३:१९)

यहोशू वृद्ध भए तर जमीन अधिकार गर्ने काम पूरा भएको थिएन । परमेश्वरले भन्नुभयो, ***"तँ वृद्ध भइस् अनि तेरो उमेर धेरै भयो, तर अझै धेरै देश अधिकारमा ल्याउन बाँकी छ ।"*** (यहोशू १३:१) ।

अझ धेरै कुलले देश अधिकार गर्न बाँकी नै थियो । यसैले यहोशूले इस्राएलीहरूलाई भने, ***"तिमीहरूका पिता-पुर्खाका परमप्रभु परमेश्वर ले तिमीहरूलाई दिनुभएको देश अधिकार गर्नलाई कति ढिलो गर्छौ ?"*** (यहोशू १८:३) ।

हामीले अधिकार गर्नुपर्ने प्रतिज्ञाको देश अझ धेरै छ । यसैले हामीलाई ढिला गर्ने समय छैन । परमेश्वरले मिश्रबाट छुट्टाएर ल्याउनुभएको कुरा सम्झाउँदै उहाँले भन्नुभयो, ***"मैले मिश्रीहरूलाई के गरें, तिमीहरूलाई कसरी गरुडको पखेटामा झैं बोकेर मकहाँ ल्याएँ, सो तिमीहरूले देखेका छौ"*** (प्रस्थान १९:४) । मोशाले पनि इस्राएलीहरूलाई यो कुराको संस्मरण गराए । ***"उजाड-स्थानमा तिमीहरू हिँडेका सारा बाटोभरि बाबुले आफ्नो नानीलाई बोकेझैं परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरू यहाँ नआइपुगुन्जेलसम्म कसरी तिमीहरूलाई बोकेर ल्याउनुभएको थियो, सो तिमीहरूले देखेका छौ ।"*** (व्यवस्था १:३१)

परमेश्वरले इस्राएलीहरूलाई बोकेर ल्याउनुभयो किनकि उनीहरू बालकै थिए । बालक झैं उनीहरू अपरिपक्व थिए । उजाड-स्थानको अर्थ निरन्तर अपरिपक्वताको ठाउँ हो । हामी धेरै यस्ता विश्वासीहरू छौं जुनहरूले सुसमाचारका जुत्ता लगाएका छौं । तर अहिलेसम्म पनि हामीहरूलाई बोक्नैपर्ने स्थिति छ । सुसमाचारका जुत्ता लगाएर हिँड्नुपर्ने देश अधिकार गर्नुपर्ने ठाउँमा हामीले हिँड्ने जमर्को गरेका छैनौं । हाम्रा जुत्ताहरू पहिले जस्तै नयै छन् । सुसमाचारको जुत्ता त फाट्नुपर्छ । यो जाने वर्ष हो । यो हिँड्ने वर्ष हो । यो अधिकार गर्ने वर्ष हो ।

परमेश्वरले आफ्ना मानिसहरूलाई बचाउनुभयो र बोक्नुभयो किनकि उनीहरू बालबालिका नै थिए र हिँड्न असमर्थ थिए (यशैया ६३:९) । परमेश्वर भन्नुहुन्छ, ***"... मैले गर्भैदेखि नै थामेको छु र तँलाई जन्मैदेखि बोकेको छु । तिमीहरूको बुढेसकालसम्म र कपाल फुलेको अवस्थासम्म म त्यही हुँ, म त्यही हुँ जसले तँलाई थाम्नेछु । मैले तँलाई बनाएको हुँ, र म तँलाई बोकेर हिँड्नेछु, र तँलाई बचाउनेछु र छुट्टाउनेछु"*** (यशैया ४६:३-६) ।

हाम्रा परमेश्वर हामीलाई बोक्नुहुन्छ र बुढेसकालसम्मै बोक्नुहुन्छ । उजाड-स्थानको बालुवामा दुई व्यक्तिको चार पाइलाहरू देखिन्छन् – परमेश्वर र मेरा पाइलाहरू । तर समय-समय र अप्ठचारा ठाउँहरूमा दुई पाइला मात्र देखिन्छ । के भएको ? ती अप्ठचारा र समस्याका ठाउँहरूमा उहाँले मलाई बोक्नुभयो । त्यहाँ देखिएका पाइलाहरू उहाँको मात्र पाइला हुन् ।

हाम्रा परमेश्वर हामीलाई कहिल्यै छोड्नुहुन्न । जब हामी कम्जोर हुन्छौं उहाँले हामीलाई बोक्नुहुन्छ ।

**बाँकी पृष्ठ २ मा**

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुर्जुधारा |
|---|---|---|---|---|---|---|
| भाद्र २६ गते, सेप्टेम्बर ११ ता. | पाष्टर महेश थाँजु | पाष्टर अशोक मुखिया | डीकन सुरेश पुरकोटी | श्री भुवन देवकोटा पा. बि.बि खवास | पाष्टर दफ्तन सादा | श्री छोगेन रोंगोंग |
| आश्विन २ गते, सेप्टेम्बर १८ ता. | पाष्टर अशोक मुखिया | डीकन सोम आले | एल्डर सामुएल क्षेत्री | श्री ध्रुव घिमिरे डी.श्यामकृष्ण रंजित | डीकन रूबेन श्रेष्ठ | श्री कृष्ण पन्त |
| आश्विन ९ गते, सेप्टेम्बर २५ ता. | डीकन अर्जुन ढकाल | श्री सरोज तामाङ्ग | श्री सिद्धि खालिङ | पा. राजेन्द्र रोंगोंग श्री धनराज घिमिरे | एल्डर श्री लक्ष्मी सैंजु | श्री स्टिफन राई |
| आश्विन १६ गते, अक्टोबर २ ता. | पा.रोबर्ट कार्थक पा.रोबर्ट कार्थक पा. सामुएल कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर बि.बि खवास | श्री प्रेम बहादुर ठकुरी | संयुक्त सेवा ललितपुर चर्च |

***हाम्रो सुसमाचार ...***

तर जमीन अधिकार गर्न हामीले खुट्टाले टेक्नैपर्छ । बाइबल हाम्रो लालपुर्जा हो । बाइबलअनुसार जमीन अधिकारको लागि खुट्टाले टेक्नैपर्छ । हातले टेकेर वा बामे सरेर जमीन अधिकार गर्न सकिन्न । टेक्ने समय अहिले हो ।

गलाती ४:१ अनुसार उत्तराधिकारी जबसम्म बालकै छ, ऊ सबै थोकको मालिक भए तापनि कमाराभन्दा फरक हुँदैन । पुत्रत्वको अधिकार दिने विशेष समारोहमा बाबु यो घोषणा गर्दछन्, ***"यो मेरो छोरो हो । ऊ अब बालक होइन र उमेर पुगिसकेकाले मेरा उत्तराधिकारी हुन् ।"***

३० वर्षको उमेरमा येशूले बप्तिस्मा लिनुहुँदा परमेश्वर पिताले, ***"तिमी मेरा पुत्र हौ, तिमीसँग म प्रसन्न छु"*** भनी घोषणा गर्नुभयो (लूका ३:२१-२२) । परमेश्वरले आफ्नो छोरो येशूलाई पुत्रत्वको अधिकार दिनुभयो ।

परमेश्वरले येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो र ***"उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो"*** (प्रेरित १०:३८) ।

कालेबले ८५ वर्षको उमेरमा उनी ४० वर्षको हुँदा मोशाले दिएका जमीन अधिकार गर्न यहोशूसँग अनुमति मागे । "मलाई पहाड दिनुहोस् उनले भने ।

बाइबल हामीलाई यसरी प्रोत्साहन गर्दछ ***"अन्त्यमा, प्रभुमा र उहाँको शक्तिको सामर्थ्यमा बलवान होओ ।"*** (एफिसी ६:१०) ।

हामीलाई जीवन मात्र होइन तर प्रशस्तताको जीवन चाहिन्छ । यसको निम्ति हामीलाई परमेश्वरका सारा हात हतियार पहिरनुपर्छ (एफिसी ६:१३-१७) । हामी विजयको निमित्त लडाईं गर्दैनौं तर विजयीको लडाईं गर्दछौं ।

"... परमेश्वरलाई धन्यवाद होस्, उहाँले हामीलाई ख्रीष्टमा सधैं विजयको निम्ति डोऱ्याउनुहुन्छ, र उहाँको ज्ञानको सुबास्ना हामीद्वारा हरेक स्थानमा फैलाउनुहुन्छ (२ कोरिन्थी २:१४) ।

अन्त्यमा, हामीले याद राख्नुपर्ने कुरा यो छ – उनै परमेश्वर जसले हामीलाई आफ्नो हात बढाएर दलदले हिलोबाट निकालेर चटानमाथि टेक्न लगाउनुहुन्छ, हामीलाई हाम्रो कुर्सीलाई तानेर निकाल्ने शक्ति उहाँसित छैन ।

निर्णय गर्ने अधिकार परमेश्वरले हामीलाई दिनुभएको छ यसकारण जमीन टेकेर अधिकार गर्ने हाम्रो निर्णय हो ।

प्रस्तुति – पाष्टर राजेन्द्र रोंगोंग

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे | ज्ञानेश्वर |
| | शनिबार | बिहान ९:०० र ११:०० बजे | ललितपुर |
| | शनिबार | बिहान ८:०० र ११:०० | गोंगबूँ |
| | शनिबार | बिहान १०:३० बजे | जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा, सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एकपल्ट | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोगबूँ, गाम्छा, सुन्दरीजल |
| | | महिनामा दुईपल्ट | जोरपाटी |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ वानेश्वर |
| | आइतबार | बेलुकी ६:०० बजे | लिपिकोट |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ, पनौती र सिर्जनानगर |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला) |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैंसेपाटी |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, कमलाक्षी |
| | शुक्रबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा, सुन्दरीजल |
| | शुक्रबार | बिहान ५:०० बजे | गोल्फुटार |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा |
|---|---|---|---|---|---|---|
| भाद्र २६ गते, सेप्टेम्बर ११ ता. | पाष्टर प्रेम श्रेष्ठ | एल्डर पासाङ्ग डेविड शेर्पा | एल्डर अष्ट श्रेष्ठ | पाष्टर एस. सोदेम्बा | पाष्टर एल.पी. न्यौपाने | श्रीमती सुमित्रा तामाङ्ग |
| आश्विन २ गते, सेप्टेम्बर १८ ता. | पाष्टर एस. सोदेम्बा | संयुक्त सेवा जोरपाटी चर्च | संयुक्त सेवा जोरपाटी चर्च | संयुक्त सेवा जोरपाटी चर्च | डीकन बी.एन पण्डित | डीकन बेन्जामिन तामाङ्ग |
| आश्विन ९ गते, सेप्टेम्बर २५ ता. | एल्डर पासाङ्ग डेविड शेर्पा | एल्डर गोपी राई | एल्डर सागर थापा | पाष्टर महेश थाँजु | श्री प्रशान्त सिंह | डीकनेस् नविना लिम्बु |
| आश्विन १६ गते, अक्टोबर २ ता. | पाष्टर प्रेम श्रेष्ठ | श्री दीप राई | एल्डर पासाङ्ग डेविड शेर्पा | पाष्टर एस. सोदेम्बा | एल्डर कर्ण तामाङ्ग | श्री कुमार सेन्चुरी |

## जानकारी

१. श्रावण २२ गते/अगष्ट ७ ता. शनिबारको आराधना सेवाको समयमा , नेपाली इसाई मण्डली ललितपुरमा मिशनेरी डीकन अब्राहाम श्रेष्ठलाई बेलायतको सेवकाईको लागि पाष्टर अभिषेक गरियो ।

२. श्रावण २२ गते/अगष्ट ७ ता. शनिबारको आराधना सेवाको समयमा , नेपाली इसाई मण्डली ज्ञानेश्वरको १०७ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

३. भदौ ९ गते/अक्टोबर २५ ता. बुधबार, नेपाली इसाई मण्डली ज्ञानेश्वर मा २१ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

४. भदौ १३ गते/अक्टोबर २९ ता. आइतबार, नेपाली इसाई मण्डली ज्ञानेश्वरमा ४३ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

## सेप्टेम्बर/अक्टोबर महिनाको कार्यक्रम

- भदौ २० गते/सेप्टेम्बर ५ ता. आइतबार **बाल संगतिका शिक्षक/शिक्षिकाहरूको रिट्रीट** बिहान १०:०० बजेदेखि नेइम गोंगबूँ चर्च
- भाद्र २२ गते/सेप्टेम्बर ७ ता. मंगलबार **घरेलु संगतिका अगुवा तथा सहायक अगुवाहरूको प्रार्थना सभा** बिहान ६:०० बजे आ-आफ्नो मण्डली
- आश्विन १ गते/सेप्टेम्बर १७ ता. शुक्रबार **महिला उपवास प्रार्थना** बिहान १०:०० बजे आ-आफ्नै मण्डली
- आश्विन २४-२६ गते/अक्टोबर १०-१२ ता. **मिशन सम्मेलन** नेइम ज्ञानेश्वर
- आश्विन ३०-३१ गते/अक्टोबर १६-१७ता. **शरद सम्मेलन** आ-आफ्नो मण्डली

## नेइमअन्तरगत बाल संगति फूटबल प्रतियोगिता

यही २०६७ भाद्र १२ का दिन ज्ञानेश्वर, सानो गौचरणको फूटबल ग्राउण्डमा भएको उपर्युक्त प्रतियोगितमा नेइम जोरपाटी बाल संगति टीमले नेइम ललितपुर बाल संगति टीमलाई शुन्यको विरूद्ध दुई गोल गरी विजयी भएको छ ।

नेइम जोरपाटी बाल संगति फूटबल टीमलाई नेइम हार्दिक बधाई ज्ञापन गर्दछ ।


नेपाली इसाई मण्डली जोरपाटी चर्चको पत्राचार गर्ने ठेगाना

**NIM JORPATI CHURCH**

**G.P.O.1515**

**Ph.No. (977) 012002221**

**KATHAMANDU NEPAL**


## प्रार्थनाको निम्ति अनुरोध

आदरणीय पाष्टर गुरूबा रोबर्ट कार्थक भदौ १८ गते/सेप्टेम्बर ३ ता.शुक्रबार तीन हप्ताको निम्ति बेलायतमा भएका नेपाली संगतिहरूमा वचनको सेवकाई र संगतिको लागि जाँदैहुनुहुन्छ । उहाँको यात्रा र सेवकाईको लागि प्रार्थना गरिदिनुहुन अनुरोध छ ।

## प्रार्थनाका विषयहरू

१. चाडपर्वको समयमा अधूरा घर परिवारमा भएका विश्वासीहरू सबै परिस्थितिमा आफ्नो विश्वासमा स्थिर र अटल भई प्रभुमा रहिरहन सकून् ।

२. देशको वर्तमान परिस्थितिको कारण कोही पनि निरास हताश नभई परमेश्वरमा पूर्ण भरोसा राखी देशको निम्ति प्रार्थना गर्नेहरू हुन सकून् ।

३. मिशन सम्मेलनमा भाग लिनुहुने, वचनको सेवकाई गर्नुहुने, शरद सम्मेलनमा शाखा/आवद्ध मण्डलीहरूमा जानुहुनेहरू र सो समयमा हुने सम्मेलनहरूको लागि प्रार्थना गरिदिऔं ।

४. नेपाल देशमा भएका सबै मण्डलीहरूले पवित्र आत्माको बप्तिस्मा पाउन सकून् र आत्माको भरपूरीमा वरदान चलाउने मण्डलीहरू हुन सकून् ।

५. नेइम अन्तर्गतका सबै शाखा, आबद्ध मण्डलीहरू प्रार्थना, वचन पढाई, स्तुति प्रशंसा, सुसमाचार प्रचारको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् भनी प्रार्थना गरौं ।

६. नेइम परिषद्का एल्डर, डीकन, डीकनेस्हरूको सेवकाई, काम-व्यवसाय, परिवार साथै उहाँहरू एउटै दर्शनमा रहेर मण्डलीलाई डोऱ्याउन सकून् ।

७. नेइम ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर, ललितपुर, पनौती, गुर्जुधारा, जोरपाटी, जहरसिंह पौवा, गाम्छा, सुन्दरीजल, गोंगबूँ र रानीपौवा मण्डलीहरूको सेवा संगतिहरू आत्मिक परिपक्वताको साथै संख्यात्मक वृद्धिको लागि प्रार्थना गरिदिऔं ।

८. वर्षायामको समयमा विभिन्न ठाउँ–ठाउँमा बाढी पहिरो गएको कारण संकष्टमा परेकाहरूले जिउँदो र साँचो परमेश्वरलाई पुकार्न सकून् र हरेकले समयमा नै राहत पाउन सकून् साथै बाढी पहिरोको कारण महामारी फैलिनदेखि परमेश्वरले नै जोगाउनुभएको होस् ।

९. मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, परिवार, शुरू भएको संगति झुण्डको लागि साथै उहाँहरूको सेवकाईद्वारा अझ धेरै प्रभुको राज्यमा आउन सकून् ।

<u>दैनिक प्रार्थनाका विषयहरू</u>

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**SUNDAY** | **२०** **5**<br>नेपालभरि रहेका मण्डलीहरूमा पवित्र आत्माको काम अझै बढेर गएको होस् र सम्पूर्ण मण्डली पवित्र आत्माले भरिँदै जान सकून् ।<br>यूहन्ना ३:१६-१७ | **२७** **12**<br>खीष्ट येशू असल गोठालो हुनुभएझैं मण्डलीका सबै अगुवाहरू पनि आफ्नो मण्डलीको असल गोठालाहरू हुन सकून् ।<br>यूहन्ना १०:१०-१६ | **३** **19**<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा सबै अगुवाहरूले सबै अवस्थामा परमेश्वरको अगुवाई खोज्न सकून् ।<br>यशैया ४१:९-१० | **१०** **26**<br>मण्डलीका सबै विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा गवाही दिनेहरू पनि बन्न सकौं ।<br>३ यूहन्ना १-६ |
| **सोमबार**<br>**MONDAY** | **२१** **6**<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रुपमा चढाएका प्रार्थनाहरूको उत्तर पर्खन, उत्तर पाएकोमा र उत्तर नपाएको पनि सधैं धन्यवादी हुन सकौं ।<br>१ थेसलोनिकी ५:१६-१८ | **२८** **13**<br>मण्डली परिवारको जीवनमा विभिन्न समस्याहरूमा स्थिर रहने अनुग्रहको साथै छुटकारा, समाधानको लागि प्रार्थना गरौं ।<br>अय्यूब ४२:२-५ | **४** **20**<br>मण्डलीमा भइरहेको सबै सेवा संगतिद्वारा दिन प्रतिदिन हामी परिपक्वतातिर बढ्दै जान सकौं ।<br>१ कोरिन्थी ३:१-९ | **११** **27**<br>यी आखिरी दिनहरूमा संसारका धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>मत्ती २४:३-१३ |
| **मंगलबार**<br>**TUESDAY** | **२२** **7**<br>पूर्णकालिन सेवक/सेविकाहरूको सेवकाईमा अझ बोझ, दर्शन, समर्पणता र पवित्र आत्माको अभिषेक मागिदिऔं ।<br>भजनसंग्रह ५७:२ | **२९** **14**<br>मंगलबार हुने आत्मिकी तथा चंगाई सेवाद्वारा जागृति, चंगाई, छुट्कारा, आत्माको नविकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं ।<br>यशैया ३५:३-७ | **५** **21**<br>आत्मिक सेवामा पवित्र आत्मा परमेश्वरले दिनुभएको स्वतन्त्रता, चंगाई, छुटकारा, बल साहस, शान्ति पाएर परमेश्वरलाई अझ प्रेम गर्नेहरू हुन सकौं ।<br>भजनसंग्रह ७३:२३-२८ | **१२** **28**<br>कुनै पनि परिवारमा परमेश्वरको आदर प्रशंसा र संगति गर्ने पारिवारिक वेदी कहिले पनि सेलाएर नगएको होस् ।<br>यहोशू २४:१४-१८ |
| **बुधबार**<br>**WEDNESDAY** | **२३** **8**<br>घरेलु संगतिका सबै अगुवाहरूले बोझ र दर्शनका साथ आफ्ना झुण्डलाई हुर्काउने-बढाउने काम गर्दै जान सकून् ।<br>१ पत्रुस ५:२-४ | **३०** **15**<br>हामी सबै विश्वासीहरू सबै क्षेत्रमा परमेश्वरको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्नेहरू हुँदै जान सकौं ।<br>फिलिप्पी २:१२-१७ | **६** **22**<br>प्रत्येक विश्वासीहरू आफू रहेको ठाउँमा खीष्टको साँचो साक्षीको जीवन जिउनेहरू हुन सकौं ।<br>१ पत्रुस २:९-१२ | **१३** **29**<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दारी भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-११ |
| **बिहीबार**<br>**THURSDAY** | **२४** **9**<br>मण्डलीका सबै बाबु आमाहरूले अझ परमेश्वर पितालाई प्रेम गर्दै परिवारलाई प्रभुमा डोऱ्याउनेहरू हुन सकून् ।<br>भजनसंग्रह १२८:१-६ | **३१** **16**<br>भोलि हुने उपवास प्रार्थनाद्वारा व्यक्तिगत जीवन, पारिवारिक क्षेत्रमा, मण्डली, समाज र देशमा अझै आशिष बगेको होस् ।<br>१ कोरिन्थी २:९ | **७** **23**<br>बाल संगतिका प्रत्येक बाल बालिकाहरूले प्रभुलाई आफ्नो व्यक्तिगत मुक्तिदाता र प्रभु भनी ग्रहण गर्न सकून् र प्रभुको शिक्षामा बढ्दै जान सकून् ।<br>यशैया ६१:९ | **१४** **30**<br>सबै जवानहरू सांसारिक चालचलनबाट टाढा रहन पवित्र आत्माले नै सहायता गरून् र सबै अवस्थामा परमेश्वरलाई प्रेम गरिरहनेहरू हुन सकून् ।<br>१ यूहन्ना २:१५-१७ |
| **शुक्रबार**<br>**FRIDAY** | **२५** **10**<br>आराधना सेवामा आउनेहरू सबै प्रभुलाई भेट्नलाई मन, प्राण, आत्मा र शरीरको तयारीमा आउन सकून् ।<br>भजनसंग्रह ९६:१-१० | **१ आश्विन** **17**<br>भोलिको आराधना सेवामा प्रचारिएको वचन मण्डलीले सुन्न सकून्, ग्रहण गर्न सकून् र त्यसअनुसार जिउने र गर्नेहरू हुन सकून् ।<br>प्रकाश १:१-३ | **८** **24**<br>आराधना सेवामा आउनेहरू रीतिविधिको रुपमा मात्र सेवामा सहभागी नभएको होस् तर सत्यतामा परमेश्वरको आराधना गर्न तयारीका साथ आउन सकून् ।<br>भजनसंग्रह ८४:१-१२ | **१५** **October 1**<br>भोलिको आराधना सेवामा मण्डलीले चढाएको साँचो आराधना र भक्तिको कारण प्रत्येकको जीवनमा आशिष आएको होस् ।<br>भजनसंग्रह १००:१-६ |
| **शनिबार**<br>**SATURDAY** | **२६** **11**<br>चाडपर्वको समयमा अधुरा परिवारमा भएका विश्वासीहरू सबै परिस्थितिमा आफ्नो विश्वासमा स्थिर र अटल भई प्रभुमा रहिरहन सकून् ।<br>यूहन्ना १६:३३ | **२** **18**<br>मण्डलीमा रहेका कति विश्वासीहरू सेवा संगतिको चाहना नगर्ने साथै प्रभुको कुरामा मन नलगाउनेहरूको छुट्कारा को लागि प्रार्थना गरिदिऔं ।<br>कलस्सी ३:१-४ | **९** **25**<br>स्कूल, क्याम्पस साथै उच्च शिक्षा हासिल गरिरहनुभएकाहरूको पढाईमा परमेश्वरबाटको आशिष मागिदिऔं ।<br>याकूब १:५ | **१६** **2**<br>मण्डलीबाट विभिन्न ठाउँमा मिशनेरी भएर जानुभएकाहरूको सेवकाईद्वारा शुरू भएको संगतिहरू अझ बढ्दै गएको होस् ।<br>यशैया ५४:२-३ |

*तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु ।"*

मत्ती २८:१८-२०